स्थानीय सरकार

# गंगाजमुना गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

फुलखर्क, धादिङ

पत्र संख्या :०७८/७९ (कृषि)

च.न.:

मिति :२०७८/१२/०६

**७५ % अनुदानमा पालिका स्तरिय नर्सरी स्थापना सम्बन्धि सूचना ( साबिकको ५ गा .वि .स .)**

**(दोस्रो पटक प्रकाशित)**

प्रस्तुत बिषयमा गंगाजमुना गाउपालिका कृषि बिकास शाखाको आ .व.२०७८/०७९ को संघिय सरकारबाट बिशेष अनुदान मार्फत ७५% अनुदानमा पालिका स्तरिय नर्सरी स्थापना (जडिबुटी ,फलफुल तथा बेमौसमी तरकारी बिरुवा नर्सरी स्थापना ) (साबिकको ५ गा .वि .स .) कार्यक्रमको लागि २०७८/११/२० मा प्रकाशित सुचनामा न्युन मात्रामा आवेदन परेको हुँदा इच्छुक कृषि समूह / सहकारी/ जल /बन उपभोक्ता समिति /व्यवसायीक कृषि फर्महरुले अवाश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र अर्थात २०७८/१२/१२(अन्तिम दिन बिदा परेमा त्यस दिनको भोलिपल्ट सम्म) सम्म यस गंगाजमुना गाउपालिकामा आबेदन दर्ता गर्न हुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस बिषयमा थप जानकारीको लागि गंगाजमुना गाउपालिका कार्यालयको कृषि बिकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

**आवश्यक कागजातहरु :**

| क्र.स. | कार्यक्रमको नाम | आवश्यक कागजातहरु | मापदण्डहरु |
|---|---|---|---|
| १ | पालिका स्तारिय नर्सरी स्थापना<br>( ७५ % अनुदानमा )<br>फलफुल तथा बेमौसमी , जडिबुटी)<br>( तरकारी बिरुवा नर्सरी स्थापना<br>(. स. वि. गा ५साबिकको ) | रु १० को टिकट टास गरी तोकिएको ढाचाको आबेदन पत्र<br>सम्बन्धित वडा कार्यालयको बिषय खुल्ने सिफारिस पत्र<br>समूह/सहकारी भए निर्णयको प्रतिलिपि<br>व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि<br>नागरिकता तथ जग्गाधनी पुर्जाको प्रतिलिपि वा भाडाको जग्गामा फर्म संचालन गरेको भय कम्तिमा ५ वर्षको करार सम्झौता पत्र र उक्त जग्गाको लालपुर्जाको प्रतिलिपि<br>कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि<br>तालिम वा अनुभब भए सोको प्रमाण पत्र | नर्सरी स्थापना /संचालन हुने जग्गाको क्षेत्रफल न्युनतम २ रोपनी भएको हुनुपर्छ । |

रामचन्द्र इटनी
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner